# संविधान सूचना केन्द्र

# बुलेटिन

*मंसिर २०७१*











नेपाल कानून समाज
NEPAL LAW SOCIETY

INTERNATIONAL IDEA
INSTITUTE FOR DEMOCRACY AND ELECTORAL ASSISTANCE

UNDP

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Embassy of Switzerland

## १. संविधान सूचना केन्द्र बारे

नेपाल कानून समाजले संवैधानिक विकासलाई सहयोग पुऱ्याउने उद्देश्यले विगत ३२ वर्षदेखि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । संविधानसभाको निर्वाचन पश्चात् संविधानसभाका विभिन्न समितिहरु र संविधानसभा सचिवालयको सहकार्यमा संविधानसभा मार्फत संविधान निर्माण गर्न विशेष कार्यक्रमहरूलाई निरन्तरता दिंदै आएको छ । पहिलो संविधानसभा सक्रिय हुँदा संविधानसभाका विषयगत समितिहरूले गरेका प्रगति विवरण जनता समक्ष आधिकारिक रुपमा प्रस्तुत गर्ने र जनताको सुझाव संविधानसभालाई प्रदान गर्ने उद्देश्यले संविधान सूचना केन्द्रको स्थापना गरिएको थियो । पहिलो संविधानसभा संविधान लेख्ने कार्य सम्पन्न नगरी विघटन भयो । हाल संविधानसभाको दोस्रो निर्वाचन भई यसले आफ्नो कार्यतालिका बमोजिम कार्य प्रारम्भ गर्दै आएको छ । यस कार्यलाई सहयोग गर्न संविधान सूचना केन्द्रलाई निरन्तरता दिइएको छ । यी संविधान सूचना केन्द्रहरु नेपाल कानून समाजद्वारा संविधानसभा सचिवालयको सह-कार्यमा र International IDEA, SPCBN/UNDP र Embassy of Switzerland in Nepal को सहयोगमा सञ्चालित हुँदै आएको छ । यस अन्तर्गतको नागरिक सम्वाद कार्यक्रमबाट हाल सम्म करिव तीनलाख सरोकारवालाहरू लाभान्वित भएका छन् भने नेपाल कानून समाजबाट समय-समयमा प्रकाशित प्रकाशनहरूबाट करिव तीन लाख सरोकारवालाहरु लाभान्वित भएका छन् ।

## २. संविधान सूचना केन्द्रहरू

| क्र.सं. | अञ्चल | जिल्ला |
|---|---|---|
| १. | मेची | इलाम |
| २. | कोशी | धनकुटा |
| ३. | सगरमाथा | सप्तरी |
| ४ | जनकपुर | धनुषा |
| ५ | नारायणी | रौतहट |
| ६. | बाग्मती | नुवाकोट |
| ७ | लुम्बिनी | पाल्पा |
| ८. | गण्डकी | कास्की |
| ९. | धवलागिरी | बाग्लुङ |
| १०. | भेरी | बाँके |
| ११. | राप्ती | दाङ |
| १२. | कर्णाली | जुम्ला |
| १३. | सेती | कैलाली |
| १४. | महाकाली | कञ्चनपुर |

## ३. संविधान सूचना केन्द्रका उद्देश्यहरू

- संविधानसभा मार्फत संविधान निर्माण गर्ने कार्यमा आवश्यक सहयोग पुऱ्याउने,
- संविधान निर्माण प्रक्रियामा सभासदहरूको योगदान माथि प्रकाश पार्दै संविधानसभा प्रति जनसाधारणको जनआस्था अभिवृद्धि गर्ने,
- संविधान निर्माण प्रक्रियामा पहिलो संविधानसभाको उपलब्धिबारे सूचना प्रवाह गर्ने,
- संविधानसभा र विषयगत समितिहरूको गतिविधिलाई जिल्ला र स्थानीयस्तरका सरोकारवालाहरूलाई अद्यावधिक गर्ने,
- संविधानका प्रमुख विषयहरू र संविधान निर्माण प्रक्रियाका बारेमा जिल्ला, इलाका र गाउँस्तरमा नागरिक सम्वाद कार्यक्रम आयोजना गरी विषयवस्तुबारे जानकारी दिने,
- संविधानका सवालहरूमा सरोकारवालाहरूबाट प्राप्त सुझाव सभासद्हरूलाई जानकारी गराउने,
- संविधानसभा-सभासद्-नागरिक बीच समन्वय, सहकार्य गर्न सहजकर्ताको भूमिका निर्वाह गर्ने,
- संविधानसभा नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिसँग सहकार्य गरी औपचारिक सुझाव सङ्कलन कार्यमा सहयोग पुऱ्याउने,
- संवैधानिक मुद्दाका सम्बन्धमा सरोकारवालाहरूबाट प्राप्त सल्लाह-सुझाव सङ्कलन गरि संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा प्रस्तुत गर्ने,
- संविधानसभाबाट संविधान निर्माण भएपछि नागरिक शिक्षा र सम्वाद कार्यक्रम मार्फत नागरिकलाई संविधानका प्रमुख विषयहरूका बारेमा जानकारी गराउने ।

## ४. सूचना केन्द्रका लक्षित समूहहरू

| जिल्ला तह |
|---|
| राजनीतिक दलहरूका पदाधिकारी तथा सदस्यहरु |
| पेशागत सङ्घ/सङ्गठनहरूका सदस्यहरु (कानून व्यवसायी, उद्यमी, प्राध्यापक, शिक्षक, पत्रकार, डाक्टर, इञ्जिनियर आदि) |
| नागरिक समाजका सदस्यहरु |
| जिल्लास्थित सरकारी कार्यालयका कर्मचारीहरु |
| स्वतन्त्र बुद्धिजीविहरु |

| स्थानीय तह |
|---|
| राजनीतिक दलहरूका पदाधिकारी र सदस्यहरु |
| महिला, जनजाति, मधेशी, दलित, मुस्लिम, सीमान्तकृत समुदाय र पिछडिएका वर्गहरु |
| सामुदायिक संस्थाका अगुवा र सदस्यहरु नागरिक समाजका अगुवा सदस्यहरु |
| शिक्षकहरु |

## ५. सूचना केन्द्रका जनशक्तिहरू

नेपाल कानून समाजले प्रत्येक सूचना केन्द्रमा सूचना केन्द्र प्रमुख, जनसम्पर्क अधिकृत, कार्यालय सहयोगी गरी जम्मा ४२ जना मार्फत संविधान सूचना केन्द्र सञ्चालन गर्दै आएको छ ।

## ६. संविधान सूचना केन्द्रका प्रमुख गतिविधि

- संविधानका सवालमा बौद्धिक नागरिक सम्वाद- जिल्लास्तरमा
- संविधानका सवालमा नागरिक शिक्षा तथा सम्वाद- इलाका/गाउँस्तरमा
- पिछडिएका समुदायको संवैधानिक सवालहरू बारे नागरिक शिक्षा- गाउँस्तरमा
- जिल्लास्थित सरोकारवालाहरूसँग संविधान सूचना केन्द्रका गतिविधि बारे अन्तरक्रिया
- सरोकारवालाहरूको सुझावमा सभासद्हरूसँग अन्तरक्रिया
- संविधानका सवाल र संविधान निर्माण प्रक्रियाका बारेमा आम सञ्चार माध्यमबाट रेडियो तथा टेलिभिजन सम्वाद

## ७. सूचना केन्द्रहरूका कार्यक्रमहरू

२०७१ साउनदेखि २०७१ मंसिर सम्म सञ्चालित कार्यक्रम तथा सहभागीहरू

| क्र.सं. | संविधान सूचना केन्द्र | बौद्धिक नागरिक सम्वाद | नागरिक सम्वाद | पिछडिएको समुदायसँग सम्वाद | सरोकारवालासँग सम्वाद | जम्मा | महिला | पुरुष | तेस्रो लिङ्गी | जम्मा | दलित | राजनीतिज्ञ | सूचना केन्द्रमा आगन्तुक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | इलाम | २ | १० | ४ | ६ | २२ | ५१२ | ८५५ | - | १,३६७ | ३५० | ४४६ | १,३४९ |
| २ | धनकुटा | २ | १४ | १ | ३ | २० | ३९८ | १,०५२ | - | १,४५० | २०१ | ३०७ | ८५५ |
| ३ | राजविराज | १ | १२ | २ | ३ | १८ | ४९४ | ८२७ | ५ | १,३२६ | ३९२ | ५११ | ५०६ |
| ४ | जनकपुर | २ | १० | ३ | ६ | २१ | ४२२ | ७०४ | - | १,१२६ | ३६४ | ३९७ | ६१० |
| ५ | रौतहट | १ | १२ | २ | २ | १७ | ५२४ | ८४२ | - | १,३६६ | ३७८ | २९८ | १,०७४ |
| ६ | नुवाकोट | २ | ११ | २ | २ | १७ | ५३६ | ७५६ | - | १,२९२ | २९८ | २८१ | १,५६५ |
| ७ | पोखरा | २ | १० | ४ | ५ | २१ | ५८६ | ६९५ | - | १,२८१ | १९१ | २३९ | ६२७ |
| ८ | पाल्पा | - | १२ | २ | २ | १६ | ६४५ | ६८२ | - | १,३२७ | २८४ | ६६३ | ८६६ |
| ९ | बाग्लुङ | - | १२ | १ | २ | १५ | ३६८ | ७४९ | - | १,११७ | २८४ | २४० | ५८८ |
| १० | नेपालगञ्ज | २ | १२ | २ | ६ | २२ | ४५६ | ७७१ | १ | १,२२८ | ४४५ | ३६३ | ९३२ |
| ११ | दाङ | २ | १२ | ४ | ३ | २१ | ६८१ | १,०१६ | - | १,६९७ | ३८१ | ३७९ | ४९२ |
| १२ | जुम्ला | १ | १० | ३ | २ | १६ | ३४२ | ७३८ | - | १,०८० | ४०१ | ३५८ | ९७६ |
| १३ | धनगढी | २ | १० | ४ | ६ | २२ | ४६२ | ७८२ | - | १,२४४ | ४४२ | ३३४ | ४९२ |
| १४ | कञ्चनपुर | १ | १० | २ | २ | १५ | ३२२ | ६२५ | - | ९४७ | २१८ | ३४८ | ७०४ |
| | जम्मा | २० | १५७ | ३६ | ५० | २६३ | ६,७४८ | ११,०९४ | ६ | १७,८४८ | ४,६२९ | ५,१६४ | ११,६३६ |

## ८. नेपाल कानून समाज, इन्टरनेसनल आइडिया, यूएनडीपी र स्वीस राजदूतावास नेपाल बारे

नेपाल कानून समाजले विगत बत्तीसवर्षदेखि कानूनी शासन, मानव अधिकार, सुशासन, स्वतन्त्र एवं सक्षम न्यायपालिका जस्ता क्षेत्रमा विभिन्न कार्यक्रम मार्फत सक्रियता देखाउँदै आएको छ । समाजले संविधान निर्माणका विभिन्न सवालहरूमा पनि समय-समयमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । नेपालमा संविधानसभा मार्फत संविधान निर्माण गर्ने कार्यमा सबै पक्ष जुटिरहेको सन्दर्भमा समाजले पनि संविधान निर्माण प्रक्रियामा सहयोग पुऱ्याउनु आफ्नो महत्वपूर्ण कर्तव्य ठानी नेपालको विभिन्न जिल्लाहरू र केन्द्रमा विविध कार्यक्रम मार्फत निरन्तरता दिंदै आएको छ ।

इन्टरनेशनल आइडिया दीगो लोकतन्त्र र निर्वाचन प्रक्रियामा विश्वव्यापी रूपमा सहयोग गर्न स्थापित अन्तरसरकारी संस्था हो । विश्वका विविध लोकतान्त्रिक मुलुकहरु यसका सदस्य रहेका छन् जसले यस संस्थालाई राजनीतिक र आर्थिक सहयोग प्रदान गर्दै आएका छन् । इन्टरनेशनल आइडियाले नेपालमा सन् २००४ देखि काम गरिरहेको छ । सन् २००६ को जनआन्दोलन र बृहत् शान्ति सम्झौता पश्चात यस संस्थाले लोकतन्त्र सम्बन्धी जानकारीमूलक पुस्तकहरु तथा अभिमुखीकरण कार्यक्रमहरु मार्फत लोकतन्त्र सम्बन्धी ज्ञान उपलब्ध गराउँदै आएको छ । संविधानसभाको गठन पश्चात् सन् २००७ देखि यस संस्थाले संविधानसभा र यसका समितिहरूलाई प्राविधिक सहयोग प्रदान गर्दै आएको एवं संविधानका सवालहरूमा अन्तरदलीय सम्वाद सञ्चालन गर्दै आएको छ।

नेपालमा सहभागितामूलक संविधान निर्माण सहयोग परियोजना (एसपीसीबीएन) अन्तर्गत संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (युएनडीपी) द्वारा मई, २००८ देखि शुरु गरिएको परियोजना हो । यसको मूल लक्ष्य नेपालमा जारी संविधान निर्माण प्रक्रियालाई बढीभन्दा बढी लोकतान्त्रिक समावेशी र सहभागितामूलक बनाउनका लागि सहयोग गर्नु हो । संविधानसभाको निर्वाचन सम्पन्न भएदेखि यो परियोजनाले संविधानसभालाई यसको सचिवालय मार्फत भौतिक पूर्वाधारका साथै संविधानसभा, यसका विभिन्न समितिहरु तथा सभासद्हरूलाई प्राविधिक सहयोग प्रदान गर्ने कार्य गऱ्यो । यसका साथै संविधान निर्माण प्रक्रियामा संविधानसभासँग आम नागरिकलाई जोड्ने सेतुका रूपमा काम गर्नका लागि नागरिक समाजलाई विभिन्न किसिमले सहयोग प्रदान गऱ्यो । हाल यो परियोजनाले संविधान निर्माणको दौरानमा उठेका मूल संवैधानिक र राज्य पुनर्संरचनाका विषयवस्तुहरु उपर आफैले तथा विभिन्न साझेदारहरूसँग विभिन्न स्तरमा बहस, छलफल र सम्वादको आयोजना तथा सहजीकरण गर्नुका साथै यी विषयवस्तुहरु उपर अनुसन्धानमूलक लेखन तथा प्रकाशन कार्य गर्दै आएको छ ।

स्वीस राजदूतावास सन् २००९ देखि नेपालमा स्थापना भए तापनि धेरैअघि सन् १९५० देखिनै नेपाल र स्वीट्जरल्याण्ड बीच आपसी मेलमिलाप र विकास कार्यहरूमा साझेदारी रहँदै आएको छ । विकास र सहयोगका लागि स्वीस सरकार विकास सहयोग र वैदेशिक मामिला सम्बन्धी स्वीस संघीय मन्त्रालयको मानव सुरक्षा विभागले विकास र सहकार्यका लागि नेपाललाई प्राथमिकतामा राखेको छ । स्वीस सहयोग नीति २०१३-२०१७ को समग्र लक्ष्य नै नेपाललाई मानव सुरक्षा र विधिको शासन कायम गर्न समावेशी र लोकतान्त्रिक सङ्घीय राज्यमा रूपान्तरण गर्ने साथै महिला र पुरुष दुबैका आफ्ना चाहना र उनीहरूको जीवनको दिगो कल्याणका लागि सामाजिक, आर्थिक र राजनीतिक अवसरहरूलाई अभिवृद्धि गर्नु रहेको छ । यी मध्ये एउटा उद्देश्यमा संविधान निर्माण, निर्वाचन तथा राज्य पुनर्संरचनाको प्रक्रिया तथा स्थानीय तहमा राज्यका संरचनाहरु समावेशी र सुशासित हुन्छन् भन्ने रहेको छ ।

## ९. कार्यक्रमको एक झलक














## संविधानसभाका गतिविधिहरू

संविधानसभाको निर्वाचन पश्चात संविधानसभाले संविधानसभा नियमावली पारित गरी सो नियमावली बमोजिम विभिन्न पाँचवटा विषयगत समितिहरू (संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति, संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समिति, संविधान मस्यौदा समिति, नागरिक सम्बन्ध तथा संविधान सुझाव समिति र क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समिति) मार्फत संविधान निर्माण कार्य गर्दै आएको छ । यी समितिहरूले गरेका कार्यलाई संक्षिप्त रुपमा निम्न बमोजिम उल्लेख गरिन्छः-

- २०७० मंसिर ४ गते सम्पन्न संविधानसभा निर्वाचनको निर्वाचन आयोगबाट अन्तिम नतिजा प्रकाशन २०७० पुस १८,
- मन्त्रिपरिषद्का अध्यक्षबाट संविधानसभाको पहिलो बैठक माघ ८ गते अपरान्ह ३.०० बजे बस्ने गरी संविधानसभाको बैठक आव्हान,
- संविधानसभाका ज्येष्ठ सदस्य श्री सूर्यवहादुर थापाले सम्माननीय राष्ट्रपति समक्ष माघ ६ गते शपथ ग्रहण,
- जेष्ठ सदस्य श्री सूर्यबहादुर थापा समक्ष अन्य सदस्यले माघ ७ गते शपथ ग्रहण,
- माघ ६ गते संविधानसभाको पहिलो कार्यसूची निर्धारणका लागि संविधानसभा सचिवालयले संविधानसभामा प्रतिनिधित्व गर्ने सबै दल र स्वतन्त्र सदस्यसँग परामर्श बैठक,
- संविधानसभामा विभिन्न ३० दल र स्वतन्त्र २ सदस्यको उपस्थिति,
- २०७० माघ ८ गते मा. श्री सूर्यवहादुर थापाको अध्यक्षतामा संविधानसभाको बैठक प्रारम्भ, अर्को व्यवस्था नभएसम्म संविधानसभा नियमावली, २०६५ अनुरूप नै कार्यसञ्चालन गर्ने निर्णय,
- २०७० माघ १५ गते कार्य व्यवस्था परामर्श समिति गठन,
- २०७० माघ २२ गते दुई निर्वाचन क्षेत्रबाट निर्वाचित ४ सदस्य (सुशिल कोइराला, शेरबहादुर देउवा, माधवकुमार नेपाल र वामदेव गौतम) ले एक एक क्षेत्रबाट संविधानसभाको सदस्य पदबाट राजिनामा दिएको,
- २०७० फागुन २९ गते संविधानसभाको अध्यक्ष पदमा मा. सुवासचन्द्र नेम्वाङ्ग निर्विरोध निर्वाचित,
- २०७० फागुन १४ गते मा. ओनसरी घर्ति ४८४ मतबाट उपाध्यक्ष निर्वाचित,
- २०७१ वैशाख १२ गते अपरान्ह ५ वजे संविधानसभाका समिति सभापतिहरूको निर्वाचन सम्पन्न,
- संविधानसभाको हालसम्म ६० वटा बैठक सम्पन्न भएको छ । जसअनुसार :
  - संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति सभापति डा. बाबुराम भट्टराई, सचिव श्री मुकुन्द शर्मा,
  - संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समिति सभापति श्री विष्णु पौडेल, सचिव श्री रामशरण घिमिरे,
  - संविधान मस्यौदा समिति सभापति श्री कृष्णप्रसाद सिटौला, सचिव डा. रवि शर्मा अर्याल,
  - नागरिक सम्बन्ध तथा संविधान सुझाव समिति सभापति प्रमिला राना, सचिव डा. भरत गौतम
  - क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समिति सभापति श्री लक्ष्मी चौधरी, सचिव श्री हिमलाल सुवेदी,
- २०७० चैत २१ गते पारित संविधानसभाको कार्यतालिका अनुरूप प्रस्तावित कार्यक्रमहरूः-
  - २०७१ वैशाख १५ भित्र सभापति निर्वाचन सहित कार्यक्षेत्रसंग सम्बन्धित विषय अनुरूप कार्ययोजना तर्जुमा गरी कार्य सञ्चालन गर्ने,
  - २०७१ जेष्ठ दोस्रो हप्तासम्ममा संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समितिले अभिलेख अध्ययन गरी सहमति र विवादित विषयको निर्क्यौल गरी सभामा पूर्ण वा आंशिक प्रतिवेदन पेश गर्ने,
  - सभाले सैद्धान्तिक छलफल गरी सहमति भएका विषयलाई मस्यौदा गर्ने प्रयोजनका लागि संविधान मस्यौदा समितिमा पठाउने,
  - असहमत विषयलाई सहमति गर्न आवश्यक निर्देश सहित संवैधानिक राजनैतिक संवाद समितिमा पठाउने,
  - २०७१ भाद्र तेस्रो हप्तासम्ममा संवैधानिक राजनैतिक संवाद तथा सहमति समितिले संविधानसभामा रहेका वा नरहेका राजनीतिक दलका बीचको मतभिन्नतामा सहमति कायम गर्ने,
  - २०७१ भाद्र मसान्तसम्ममा सभा वा बाहिर छलफलमा प्राप्त नयां विचारमा पनि सहमति कायम गर्ने,
  - सहमति कायम हुन नसकेका विषयमा सभामा प्रतिवेदन पेश गर्ने,
  - २०७१ असोज मसान्तसम्ममा संविधानको पहिलो मस्यौदालाई अन्तिम रूप दिने,
  - जनताको राय प्रतिकृयाका लागि नेपाल राजपत्रमा प्रकाशित गर्ने,

- नागरिक सम्बन्ध संविधान सुझाव समितिले मस्यौदा माथि जनताको राय सुझाव लिने अन्तिम समय सीमा तोकी कार्ययोजना तयार गर्ने,
- २०७१ कार्तिक मसान्तसम्म संविधानको पहिलो मस्यौदामाथि कम्तिमा पनि ७५ वटै जिल्लामा एक-एक कार्यक्रम आयोजना गरी राय सुझाव प्राप्त गर्ने,
- २०७१ मंसीर मसान्तसम्ममा प्राप्त राय सुझाव सहितको प्रतिवेदनमाथि सभामा छलफल गर्ने,
- परिमार्जित मस्यौदा सभाको निर्देश सहित संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाउने,
- २०७१ पुस मसान्त सम्ममा परिमार्जित मस्यौदालाई विधेयकको रूपमा सभामा पेश गर्ने,
  - सामान्य छलफल गर्ने,
  - संशोधन प्रस्ताव राख्ने,
  - दफावार छलफल गर्ने,
- संविधानको सबै धारा, प्रस्तावना र नाम सहित सम्पूर्ण विधेयक सभाबाट पारित गर्ने,
- २०७१ माघ ८ गतेभित्र पारित संविधानमा सबै सदस्यको हस्ताक्षर सहित संविधानसभाका अध्यक्षले प्रमाणित गर्ने,
- संविधानसभाको अध्यक्षबाट प्रस्तुत प्रमाणित प्रतिमा सम्माननीय राष्ट्रपतिले हस्ताक्षर सहितको प्रमाणीकरणका वाक्यांश लेखि नेपाली जनता समक्ष नयां संविधान जारी भएको घोषणा गर्ने,

## संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिः (७३ सदस्यीय)

- संविधानसभाको कार्यतालिकाको आधारमा आफ्नो कार्यतालिका तर्जुमा र नियमावली अनुरूपको कार्य विवरणमा स्पष्टता,
- नेपाल सरकारले विभिन्न राजनीतिक दल र सरोकार वालासंग गरेका सहमति सम्झौता र निर्णयमा संविधान सम्बद्ध विषयको पहिचानका लागि मा. श्री पूर्णबहादुर खड्काको संयोजकत्वमा मा. श्री अतहरकमाल मुसलमान, मा. श्री दिलनाथ गिरी, मा. श्री विश्वेन्द्र पासवान, मा. श्री रामकुमार राई, मा. श्री रूकमिणी चौधरी, मा. श्री लक्ष्मणलाल कर्ण, मा. श्री शक्तिबहादुर बस्नेत र मा. श्री सुरेन्द्रप्रसाद पाण्डे रहनु भएको उपसमिति गठन गरी सोको पहिचान सहित आवश्यक सुझाव समेत समेटिएको प्रतिवेदन समितिमा पेश,
- संविधानसभा बाहिर रहेका संविधानसभाको निर्वाचनमा सहभागि बनेका वा वहिष्कार गरेका राजनीतिक दल सहित अन्य सरोकार समूहसंग वार्ता गर्ने कार्यविधि र कार्यनीति र त्यस्ता दल वा सरोकारवालाको पहिचानका लागि मा. श्री पूर्णबहादुर खड्काको संयोजकत्वमा मा. श्री अतहरकमाल मुसलमान, मा. श्री दिलनाथ गिरी, मा. श्री विश्वेन्द्र पासवान, मा. श्री रामकुमार राई, मा. श्री रूकमिणी चौधरी, मा. श्री लक्ष्मणलाल कर्ण, मा. श्री शक्तिबहादुर बस्नेत र मा. श्री सुरेन्द्रप्रसाद पाण्डे रहनु भएको उपसमिति गठन गरी विभिन्न सरोकारवालासँग छलफल गरी मूल समितिमा प्रतिवेदन पेश गर्ने गरी क्रियाशील रहेको,
- संविधानसभाबाट निर्माण हुने संविधानमा आफ्ना माग समावेश गराउन चाहने संविधानसभा बाहिर रहेका राजनीतिक दल तथा सरोकारवालाहरूले २०७१ साल जेठ २० गतेसम्ममा संविधान सम्बद्ध आफ्ना धारणा समितिलाई उपलब्ध गराईदिन सार्वजनिक आह्वान गरेको,
- संविधानका अन्तरवस्तुमा देखिएका असहमतिमा सहमति कायम गर्नुपर्ने विषयको पहिचान गरी २०७१ असार १५ गतेभित्र समितिको बैठकमा प्रतिवेदन पेश गर्ने गरी मा. श्री गोकर्णराज विष्टको संयोजकत्वमा मा. श्री महिन्द्र राय यादव, मा. श्री रेखा शर्मा र मा. श्री शिवलाल थापा सम्मिलित उपसमिति गठन एवं क्रियाशील,
- संविधानका अन्तरवस्तुमा देखिएका असहमतिमा सहमति कायम गर्नु पर्ने विषयमा प्रारम्भिक वार्ता गरी २०७१ असार १० गतेभित्र बैठकमा प्रतिवेदन पेश गर्ने गरी मा. श्री नरहरि आचार्यको संयोजकत्वमा मा. श्री अशोककुमार राइ, मा. श्री शक्तिबहादुर बस्नेत, मा. श्री सर्वेन्द्रनाथ शुक्ला, मा. श्री सुरेन्द्रप्रसाद पाण्डे रहनु भएको उपसमिति गठन र क्रियाशील,
- समितिको बैठक हालसम्म ६९ पटक बसेको ।

## संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समितिः (७३ सदस्यीय)

- संविधानसभाको कार्यतालिकाको आधारमा समितिहरूले आ-आफ्नो कार्यतालिका तर्जुमा र नियमावली अनुरुपको कार्य विवरणमा स्पष्टता,
- संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समितिले सभाबाट प्राप्त अभिलेखको अध्ययनका लागि विभिन्न ६ उपसमिति गठन, उपसमितिको कार्य सम्पन्न,

## उपसमिति गठन एवं कार्यतालिका निर्माण

२०७१।०१।०४ मा तत्कालीन संविधानसभाका १० वटा विषयगत र संवैधानिक समितिका संविधानको प्रारम्भिक मस्यौदा र

संविधानसभामा भएका अभिलेखहरूको अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्न,

देहाय बमोजिमका ६ वटा उपसमितिहरू गठन गर्नेः–

१. संवैधानिक समिति, अवधारणापत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन अध्ययन समितिको अध्ययन समितिको प्रतिवेदन र विवाद समाधान उपसमितिको प्रतिवेदन अध्ययन उपसमिति मा. श्री भीम बहादुर रावल – संयोजक

२. मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति र न्याय प्रणाली सम्बन्धी समितिको प्रतिवेदन अध्ययन उपसमिति मा. श्री मीनबहादुर विश्वकर्मा – संयोजक

३. अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति र सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको प्रतिवेदन अध्ययन उपसमितिमा. श्री उषा गुरूङ – संयोजक

४. राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति र राज्यको शासकीय स्वरूप निर्धारण समितिको प्रतिवेदन अध्ययन उपसमिति मा.श्री हरिबोलप्रसाद गजुरेल – संयोजक

५. व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण समिति र संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रतिवेदन अध्ययन उपसमिति मा.डा. श्री सुबोधकुमार पोखरेल – संयोजक

६. प्राकृतिक श्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समिति र राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदन अध्ययन उपसमिति मा. श्री रवीन्द्र अधिकारी–संयोजक

- २०७१ वैशाख ३० गते बसेको संविधानसभाको बैठकमा संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समितिले अध्ययन विश्लेषण गरी निर्क्यौल गरेको तत्कालीन प्राकृतिक स्रोत तथा आर्थिक अधिकार र राजश्व वाँडफाँड र राष्ट्रिय हित संरक्षण समितिको सहमति सम्बन्धी प्रतिवेदन पेश,
- राष्ट्रिय हित संरक्षण समितिको सम्बन्धी प्रतिवेदनमा उल्लिखित असहमतिको निर्क्यौल सम्बन्धी प्रतिवेदन पेश,
- संविधानसभामा संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समिति प्रतिवेदनमा उल्लिखित तत्कालीन प्राकृतिक स्रोत तथा आर्थिक अधिकार र राजश्व वाँडफाँड र राष्ट्रिय हित संरक्षण समितिका सहमति सम्बन्धी बुंदामाथि छलफल प्रारम्भ,
- तत्कालीन प्राकृतिक स्रोत तथा आर्थिक अधिकार र राजश्व वाँडफाँड र राष्ट्रिय हित संरक्षण समितिको प्रतिवेदनमाथिको निर्क्यौल समितिको प्रतिवेदनको सैद्धान्तिक छलफल समाप्त भई सहमतिका विषयमा प्रारम्भिक मस्यौदाका लागि संविधान मस्यौदा समितिमा र असहमतिका बुंदाहरूमा सहमति कायम गर्न संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाईएको,
- तत्कालीन राज्यको पुनसंरचना तथा राज्य शक्तिको वाँडफाँड समिति सम्बन्धी संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समितिको सहमति सम्बन्धी प्रतिवेदन सभामा पेश,
- तत्कालीन राज्यको पुनर्संरचना तथा राज्य शक्तिको वाँडफाँड समिति सम्बन्धी संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समितिको असहमति सम्बन्धी प्रतिवेदन सभामा पेश,
- कार्य व्यवस्था परामर्श समितिमा रहने माननीय सदस्यहरूको हेरफेर,
- संविधानसभामा निर्क्यौल समितिको तत्कालीन राज्यको पुनर्संरचना तथा राज्य शक्तिको वांडफांड समितिको सहमति र असहमति सम्बन्धी प्रतिवेदनमाथि छलफल प्रारम्भ,
- तत्कालीन न्याय प्रणाली सम्बन्धी निर्क्यौल समितिको प्रतिवेदनको सहमति र असहमति निर्क्यौल सम्बन्धी प्रतिवेदन सभामा पेश,
- तत्कालीन न्याय प्रणाली सम्बन्धी निर्क्यौल समितिको प्रतिवेदनको सहमति र असहमति निर्क्यौल सम्बन्धी प्रतिवेदन माथि छलफल,
- तत्कालीन न्याय प्रणाली सम्बन्धी प्रतिवेदनमाथिको निर्क्यौल समितिको प्रतिवेदनको सैद्धान्तिक छलफल समाप्त भई सहमतिका विषयमा प्रारम्भिक मस्यौदाका लागि संविधान मस्यौदा समितिमा र असहमतिका बुँदाहरूमा सहमति कायम गर्न संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पठाइएको,
- तत्कालीन राज्य पुनर्संरचना सम्बन्धी आयोगको प्रतिवेदन अध्ययन,

## संविधान मस्यौदा समितिः (७३ सदस्यीय)

संविधानसभा नियमावली, २०७० को नियम ६४ बमोजिम गठन हुने विभिन्न समितिहरू मध्ये संविधान मस्यौदा समिति संविधानसभाको मिति २०७०।१२।१४ को निर्णयानुसार गठन भएको हो । नियमावलीमा व्यवस्था भए बमोजिम समितिमा ७३ जना सदस्यहरू रहनु भएको छ । संविधान मस्यौदा समितिले विभिन्न विज्ञ, विशेषज्ञलाई आमन्त्रण गरी संविधान लेखन कला र अन्तरवस्तु लगायत ध्यान दिनु पर्ने विषयको जानकारी लिने

गरेको, संविधानसभा नियमावली, २०७० को नियम ६७ को उपनियम (५) मा समितिले सभाबाट समय–समयमा पारित गरेका प्रस्ताव वमोजिम संविधानको मस्यौदा तयार गरी सभामा पेश गर्नेछ भन्ने स्पष्ट उल्लेख भएकोले यस समितिको कार्य क्षेत्र नै संविधानको मस्यौदा तयार गरी सभामा पेश गर्नु रहेको छ । संविधानको मस्यौदा तयार पार्ने जस्तो महत्वपूर्ण एवं चुनौतिपूर्ण कार्य समयमै सम्पन्न गर्ने प्रयोजनको लागि संविधान मस्यौदा समितिले मिति २०७१।२।१६ को निर्णयानुसार संविधानका विभिन्न विषयवस्तुलाई ५ खण्डमा विभाजन गरी सोही आधारमा संविधान मस्यौदा समिति अन्तर्गत देहाय वमोजिमका पाँच वटा उपसमिति गठन गरी देहाय वमो जिमको कार्य क्षेत्र तोक्नुको साथै सोही मितिबाट नै मस्यौदा लेखन कार्य औपचारिक रूपमा प्रारम्भ गरी मस्यौदाको कार्य भईरहेको छ ।

- प्रस्तावना र परिभाषा उपसमिति
  - संयोजक मा. जितेन्द्रनारायण देव
- मौलिक हक, राज्यको निर्देशक सिद्धान्त र आयोगहरू सम्बन्धी उपसमिति
  - संयोजक मा. अइन्द्र सुन्दर नेम्वाङ्ग
- न्यायपालिका उपसमिति
  - संयोजक मा. रमेश लेखक
- व्यवस्थापिका उपसमिति
  - संयोजक मा. भरतमोहन अधिकारी
- कार्यपालिका उपसमिति
  - संयोजक मा. हितराज पाण्डे

संविधान मस्यौदा समितिबाट संविधानको मस्यौदा निर्धारित समयमै तयार गर्ने उद्देश्यले गठित सबै उपसमितिहरूले आ–आफ्नो कार्य क्षेत्र भित्र परेको विषयको मस्यौदा तयार गरी पहिलो चरणमा प्रारम्भिक प्रतिवेदन र त्यसपछि थप आंशिक/पूरक प्रतिवेदन समेत संविधान मस्यौदा समितिमा समय समयमा पेश गरेका छन् । उपसमितिबाट यसरी तयार पारिएको मस्यौदालाई समितिको बैठकमा छलफल गरी त्यस्तो मस्यौदालाई एकीकृत एवं परिमार्जन गर्ने प्रयोजनको निमित्त समितिको मिति २०७१।५।१० को निर्णयानुसार गठित संविधान मस्यौदा एकीकृत कार्यदलमा पठाउने गरिएको छ ।

उक्त कार्यदलमा समिति अन्तर्गत रहेका माननीय सदस्यहरू मध्येबाट आवश्यकता अनुसार आमन्त्रण गर्ने व्यवस्था रहेको छ ।

संविधान मस्यौदा एकीकृत कार्यदलको स्वरूप देहाय वमोजिम रहेको छ ।

| क्र.सं. | कार्यदलका पदाधिकारीहरूको विवरण |
|---|---|
| १. | मा० श्री कृष्णप्रसाद सिटौला, सभापति, संविधान मस्यौदा समिति |
| २. | मा० श्री अइन्द्र सुन्दर नेम्वाङ, संयोजक,मौलिक हक, राज्यको निर्देशक सिद्धान्त र आयोगहरू सम्बन्धी उपसमिति |
| ३. | मा० श्री जीतेन्द्र नारायण देव, संयोजक, प्रस्तावना र परिभाषा उपसमिति |
| ४. | मा० श्री भरत मोहन अधिकारी, संयोजक, व्यवस्थापिका उपसमिति |
| ५. | मा० श्री रमेश लेखक, संयोजक न्यायपालिका उपसमिति |
| ६ | मा० श्री हितराज पाण्डे, संयोजक कार्यपालिका उपसमिति |
| ७. | डा. रवि शर्मा अर्याल |

उपसमितिबाट तयार पारी समिति मार्फत पठाएको संविधानको मस्यौदालाई कार्यदलमा विस्तृत छलफल गरी एकीकृत रूपमा परिमार्जन गर्ने कार्य निरन्तर रूपमा भईरहेको र हाल सम्ममा उपसमितिहरूबाट पेश भएका प्रारम्भिक तथा पूरक प्रतिवेदनमा समावेश भएका सबै जसो विषयको मस्यौदा लेखन कार्य सम्पन्न भईसकेको छ ।

हालसम्म यस समिति अर्न्तगतको उपसमितिहरू एवं कार्यदल र समिति समेतको बैठक सम्बन्धी विवरण देहाय वमोजिम रहेको छ ।

क. उपसमितिको बैठक संख्याः

- प्रस्तावना र परिभाषा उपसमिति – १५
- मौलिक हक, राज्यको निर्देशक सिद्धान्त र आयोगहरू सम्बन्धी उपसमिति – १६
- न्यायपालिका उपसमिति – १४
- व्यवस्थापिका उपसमिति – २४
- कार्यपालिका उपसमिति – १०

ख. संविधान मस्यौदा एकीकृत कार्यदल – २०

ग. संविधान मस्यौदा समिति – ३२

संविधानसभाबाट हालसम्म प्राप्त भएका सहमति एवं निर्देशन वमोजिम प्रारम्भिक मस्यौदा गर्ने कार्य भईरहेको र शासकीय स्वरूप, राज्य पुनर्संरचना, निर्वाचन प्रणाली तथा न्यायप्रणाली जस्ता संविधानका मूलभूत अर्न्तवस्तुहरूमा संविधानसभाबाट

निर्देशन प्राप्त नभएसम्म संविधान मस्यौदाको कार्यलाई पूर्णता प्रदान गर्न सकिएको छैन ।

## नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिः (१९१ सदस्यीय)

संविधानसभा नियमावली, २०७० को नियम ६८ बमोजिम संविधानसभामा नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिको गठन भएको हो । यो समितिमा बढीमा १९१ जना सदस्य रहने व्यवस्था भएतापनि हाल १७८ जना सदस्यहरू छन् ।

- समितिले संविधानको मस्यौदामाथि जनमत एवं सुझाव सङ्कलन गर्न विभिन्न सञ्चारका माध्यमबाट मस्यौदाको प्रचार प्रसार गर्ने ।
- समितिले संविधानको पहिलो मस्यौदा उपर कम्तीमा प्रत्येक जिल्लामा सार्वजनिक सुनुवाई गर्ने गराउने कार्य गर्ने ।
- समितिले संविधानको पहिलो मस्यौदा उपर सुझाव सङ्कलनको लागि आवश्यकता अनुसार गोष्ठी, अन्तरक्रिया र कार्यशालाको आयोजना गर्ने ।
- समितिले विभिन्न माध्यम मार्फत स्वदेश वा विदेशमा रहेका नेपाली नागरिकबाट व्यक्तिगत तथा संस्थागत रूपमा प्राप्त सुझावहरूको अभिलेखको व्यवस्थापन गर्ने कार्य समेत गर्ने ।
- समितिले जनताबाट प्राप्त सुझावहरूको विश्लेषण गरी सो सम्बन्धी प्रतिवेदन संविधान सभामा पेश गर्ने, सभाले विवादीत विषयहरू सहमतिको लागि संवैधानिक–राजनीतिक संवाद तथा सहमति समितिमा र सहमति भएका विषयहरू संविधान मस्यौदा समितिमा पठाउने ।
- समितिले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने ।
- नियमावलीमा लेखिए बाहेक समितिको अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुने ।
- संविधानसभाको कार्यतालिकाको आधारमा समितिहरूले आ आफ्ना कार्यतालिका तर्जुमा र नियमावली अनुरूपको कार्य विवरणमा स्पष्टता ल्याउने,
- नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिले जनताको राय सुझाव सङ्कलन प्रक्रिया र कार्ययोजना तयार गर्न गृह कार्य प्रारम्भ,
- तत्कालीन नागरिक सम्बन्ध समितिका सभापति र समिति सचिवसँग जनताको सुझाव सङ्कलन सम्बन्धी अनुभवको आदान प्रदान,

## समितिले सम्पादन गरेका मुख्य–मुख्य कार्य

| बैठक संख्या | मिति | विषय | सम्पादित कार्यको विवरण |
|---|---|---|---|
| क) समितिको बैठकसम्बन्धी विवरण | | | |
| १ | २०७०/१२/३० | समितिको कार्यक्षेत्र | ▪ देशभित्र र देश बाहिर रहेका नेपाली नागरिकहरूबाट संविधानको मस्यौदामा सुझाव सङ्कलन गर्न सम्बन्धमा प्रारम्भिक छलफल । |
| २ | २०७१/१/५ | सर्वसम्मतिका आधारमा सभापतिको चयन | ▪ सर्वसम्मतिका आधारमा सभापतिको चयन हुन नसकेको व्यहोरा संविधान सभाका अध्यक्षलाई जानकारी दिने प्रस्ताव पारित । |
| ३ | २०७१/१/१२ | सभापतिको निर्वाचन | ▪ मा. श्री प्रमिला राणा समितिको सभापतिमा निर्विरोध निर्वाचित । |
| ४ | २०७१/१/१७ | उपसमिति गठन | ▪ समितिको आन्तरिक कार्यविधि र कार्ययोजना मस्यौदा उपसमिति गठन । |
| ५ | २०७१/२/५ | विज्ञसँग अनुभव आदान प्रदान र समितिको आन्तरिक कार्यविधि | ▪ गत संविधानसभा नागरिक सम्बन्ध समितिका सभापति मिना पाण्डे र समिति सचिव धनबहादुर श्रेष्ठबाट जनताको सुझाव सङ्कलन सम्बन्धी अनुभव प्रस्तुत ।<br>▪ उपसमितिको संयोजकज्यूबाट समितिको आन्तरिक कार्यविधि प्रस्तुत । |
| ६ | २०७१/२/९ | आन्तरिक कार्यविधि | ▪ समितिको आन्तरिक कार्यविधि, २०७१ पारित । |
| ७ | २०७१/३/६ | समितिको प्रस्तावित प्रारम्भिक कार्यतालिका | ▪ समितिको प्रस्तावित प्रारम्भिक कार्यतालिका माथि छलफल । |

| बैठक संख्या | मिति | विषय | सम्पादित कार्यको विवरण |
|---|---|---|---|
| ८ | २०७१/३/९ | समितिको प्रस्तावित प्रारम्भिक कार्यतालिका | ▪ समितिको प्रस्तावित प्रारम्भिक कार्यतालिका माथि छलफल ।<br>▪ छलफलमा समितिका २५ जना माननीय सदस्यज्यूहरूले भाग लिंदै मुख्य गरी केन्द्र र जिल्लामा संविधान सुझाव सङ्कलन सम्बन्धमा संयन्त्र निर्माण, संविधानको मस्यौदाको विभिन्न सञ्चार माध्यमबाट प्रचारप्रसार गर्ने सम्बन्धमा, दुर्गम, सुगम र तराईका जिल्लाका आधारमा सुझाव सङ्कलनको योजना निर्माण, सुझाव सङ्कलन गर्दा सबै तह, क्षेत्र र वर्गका नागरिकहरूले आ-आफ्नो विचार दिन सक्ने कुरा प्रत्याभूति गर्न, संविधानको मस्यौदा जिल्ला, निर्वाचन क्षेत्र, गा.वि.स.सम्म पुऱ्याउने, विदेशमा रहनु भएका नेपाली नागरिकबाट सुझाव सङ्कलन गर्ने लगायतका विषयमा आ-आफ्नो धारणा राख्नु भयो । |
| **ख) आन्तरिक कार्यविधि र कार्ययोजनाउपसमितिको बैठक सम्बन्धी विवरण** | | | |
| १ | २०७१/१/२२ | समितिको आन्तरिक कार्यविधि र कार्ययोजना | ▪ समितिको आन्तरिक कार्यविधि र कार्ययोजनाका सम्बन्धमा प्रारम्भिक छलफल । |
| २ | २०७१/१/२५ | उपसमितिको संयोजक चयन | ▪ सर्वसम्मतिका आधारमा माननीय श्री प्रभादेवी बज्राचार्य उपसमितिको संयोजक चयन । |
| ३ | २०७१/२/२ | प्रस्तावित आन्तरिक कार्यविधि | ▪ समितिको प्रस्तावित आन्तरिक कार्यविधि, २०७१ को मस्यौदा उपसमितिबाट सर्वसम्मतिले पारित । |
| ४ | २०७१/२/१९ | समितिको प्रस्तावित कार्ययोजनाको पूर्व तयारी | ▪ गत संविधानसभा, जनमत सङ्कलन सम्बन्ध तथा संविधान सुझाव समितिका समिति सचिव श्री जय नारायण नेपालज्यूबाट जनताको सुझाव सङ्कलन सम्बन्धी अनुभव प्रस्तुत ।<br>▪ समितिको प्रस्तावित कार्ययोजनाको पूर्व तयारी सम्बन्धमा विज्ञ, विशेषज्ञ, सञ्चारकर्मी लगायत विभिन्न सरोकारवालाहरूसँग छलफलको निरन्तरता । |
| ५ | २०७१/२/२६ | विदेशमा बसोबास गर्ने नेपाली नागरिकको राय सुझाव सङ्कलन | ▪ विदेशमा रहेका नेपाली नागरिकहरूको राय सुझाव सङ्कलन गर्ने सम्बन्धमा श्रम तथा रोजगार मन्त्रालयका सह सचिव श्री सूर्य प्रसाद श्रेष्ठ र उपसचिव बुद्धिनाथ भट्टराईबाट श्रम सहचारीहरूसँग समन्वय गर्ने विषयमा धारणा एवं सुझाव प्रस्तुत ।<br>▪ सुझाव सङ्कलनका लागि विदेशस्थित नेपाली कूटनीतिक नियोगसँग समन्वय गर्ने सम्बन्धमा परराष्ट्र मन्त्रालयका सहायक प्रवक्ता उपसचिव श्री विष्णुप्रसाद गौतमबाट आफ्नो धारणा एवं सुझाव प्रस्तुत । |
| ६ | २०७१/३/२ | समितिको प्रस्तावित कार्ययोजना र कार्यतालिका | ▪ समितिको प्रस्तावित प्रारम्भिक कार्ययोजना र कार्यतालिका माथि बुँदागत छलफल एवं उपसमितिका माननीय सदस्यहरूबाट आ-आफ्ना धारणा र सुझावहरू प्रस्तुत । |
| ७ | २०७१/३/१३ | समितिको प्रस्तावित कार्यतालिका सम्बन्धमा । | ▪ समितिका माननीय सदस्यहरूबाट प्राप्त सुझावहरूका आधारमा प्रस्तावित कार्यतालिका परिमार्जन गर्ने । |
| ८ | २०७१/३/१८ | जनताको राय सुझाव सङ्कलनको तयारीको सम्बन्धमा । | ▪ संविधानको मस्यौदामाथि नेपाली नागरिकहरूको राय सुझाव सङ्कलन गर्ने सम्बन्धमा गृह मन्त्रालयका सचिव श्री सूर्यप्रसाद सिलवालबाट जिल्लास्थित प्रमुख जिल्ला अधिकारीसंग समन्वय गर्ने विषयमा धारणा एवम् सुझाव प्रस्तुत ।<br>▪ संविधानको मस्यौदामाथि नेपाली नागरिकहरूको राय सुझाव सङ्कलन गर्ने सम्बन्धमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री शान्तबहादुर श्रेष्ठबाट जिल्लास्थित स्थानीय विकास अधिकारीसँग समन्वय गर्ने विषयमा धारणा एवं सुझाव प्रस्तुत । |

## क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समितिः (१९१ सदस्यीय)

- संविधानसभाको कार्यतालिकाका आधारमा समितिहरूले आ आफनो कार्यतालिका तर्जुमा र नियमावली अनुरूपको कार्य विवरणमा स्पष्टता,
- क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समितिले संविधानसभाका सदस्य र सचिवालयका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने कार्यमा विभिन्न उपसमिति गठन गरी गृह कार्य प्रारम्भ,
- संवैधानिक विषयवस्तु अध्ययन तथा अनुसन्धान उपसमिति, सिमान्तकृत, पिछडिएका क्षेत्र, अल्पसंख्यक जाति, वर्ग, लिङ्ग र समुदायका विशिष्ट समस्या पहिचान एवं समाधानका लागि पहल सम्बन्धी उपसमिति, स्रोत सामग्री (रिर्सोस मटेरियल) व्यवस्थापन उपसमिति, स्रोत केन्द्र (सूचना प्रविधि एवं सञ्चार समेत) व्यवस्थापन उपसमिति, क्षमता अभिवृद्धि (तालिम, गोष्ठी, सेमिनार एवं अन्तरक्रिया) व्यवस्थापन उपसमिति नामक विभिन्न पांच उपसमिति गठन गरी कृयाशील रहेको,

क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापनसमितिले विगतको संविधानसभामा निम्न विवरण अनुसार समितिका प्रतिवेदनमा रहेका सहमति र असहमतिका विषयमा देहायका विज्ञहरूसँग अन्तरक्रिया कार्यक्रम संचालन गरेकोः–

| कार्यक्रमको मिति | अन्तरक्रिया/छलफलको विषय/समिति |
|---|---|
| २०७१/२/२९ र २०७१/२/३१ गते | मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति |
| २०७१/३/३ र २०७१/३/५ गते | राज्यको शासकीय स्वरूप निर्धारण समिति |
| २०७१/३/१२ गते | सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति र अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति |
| २०७१/३/१४ गते | संवैधानिक समिति र संवैधानिक निकायको संरचना निर्धारण समिति |
| २०७१/७/१७ गते | महिलाको नागरिकता सम्बन्धी अधिकार |
| २०७१/७/१९ गते | अल्पसंख्यक, सीमान्तकृत र पिछडिएको वर्ग, क्षेत्रको विशिष्ट समस्या पहिचान तथा समाधान सम्बन्धी |
| २०७१/७/२२ गते | अल्पसंख्यक, सीमान्तकृत र पिछडिएको वर्ग, क्षेत्रको विशिष्ट समस्या पहिचान तथा समाधान सम्बन्धी |
| २०७१ कार्तिक | समितिले नेपाल कानून समाजसँग सहकार्य गरी केन्द्रीयस्तर र क्षेत्रीयस्तरका सरोकारवालाहरूसँग अल्पसंख्यक, सीमान्तकृत र पिछडिएका वर्ग, क्षेत्रको समस्या पहिचान तथा समाधान सम्बन्धी अन्तरक्रिया (काठमाण्डौ, धनगढी, इटहरी र पोखरा) आयोजना गरी सुझाव सङ्कलन |
| २०७१ कार्तिक | समितिले नेपाल कानून समाजसँग सहकार्य गरी संविधानमा नागरिकता र समानुपातिक सहभागिता विषयमा दुईवटा अन्तरक्रिया आयोजना गरी सभासदहरूको सुझाव सङ्कलन |


### विस्तृत जानकारीको लागि

**नेपाल कानून समाज**
बबरमहल, काठमाण्डौ, नेपाल
फोनः ४२६६७३५,
फ्याक्सः ४२२८४९७,
पो.ब.नं.: १३२११
इमेलः nls@wlink.com.np
वेब–साइटः www.nepallawsociety.org

**इन्टरनेसनल आइडिया/नेपाल**
श्रीनिवास हाउस–४, एम्बेसीमार्ग
बालुवाटार, काठमाडौं, नेपाल
फोनः ४४३२८४६
फ्याक्सः ४४३२८४६
इमेलः info-nepal@idea.int
वेब–साइटः www.idea.int

**एसपीसीबीएन/यूएनडीपी**
तारा हाउस
सानेपा, ललितपुर
फोन नं.: ५०१३०५४, ५०१३०५६
फ्याक्सः ५०१३०५५
वेभ–साइटः www.spcbn.org.np

**स्वीस राजदुतावास**
एकान्तकुना, जाउलाखेल
ललितपुर
फोन नं.: ५५२४९२७
फ्याक्सः ५५२५३५८
पो.ब.नं.: ११३
वेभ–साइटः www.sdc.org.np